
के तपाईको घर पानीले रसाएको छ ?
अब चिन्ता नगर्नुहोस !
चिन्ताको समाधान Waterproofing ले गर्ने छ । 100% ग्यारेन्टीका साथ समस्यको समाधान ।
सम्पर्क: प्रगति ट्रेड कन्सर्न
रानीपौवा, पोखरा-११ (रन्जित पार्टी प्यालेसको नजिकै)
०६१-५७८०९९, ९८५६०२२३३३, ९८४६९१४७७३



राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily



रु. १.५ मा
कलर भिजिटिङ कार्ड साथै
तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५



❑ वर्ष २५ ❑ अङ्क १९१ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८१ साउन ८ गते मंगलबार ❑ 23 July 2024 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५ ।-


## भ्रष्टाचारको निष्पक्ष र स्वतन्त्र छानबिनमा सरकार प्रतिबद्ध छ: प्रम ओली

**रासस**
काठमाडौं, ७ साउन

प्रधानमन्त्री केपी शर्मा ओलीले विभिन्न समयमा चर्चामा आएका भ्रष्टाचार र अकूत सम्पत्ति आर्जनका आरोपहरूको निष्पक्ष र स्वतन्त्र रूपमा छानबिन गर्ने प्रतिबद्ध जनाउनुभएको छ ।

प्रतिनिधिसभाको सोमबार को बैठकमा प्रधानमन्त्रीसँग सांसदहरूको प्रत्यक्ष प्रश्नोत्तर कार्यक्रममा उहाँले सहकारी क्षेत्रका बचतकर्ताले भोग्नुपरेका समस्याहरू सम्बोधन गर्न विगतमा गठित कार्यदलबाट प्राप्त सुझाव कार्यान्वयन गर्न सरकार प्रतिबद्ध रहेको उल्लेख गर्नुभयो । प्रधामन्त्री ओलीले सहकारीपीडितहरूसँग पटक-पटक गरिएका सहमति कार्यान्वयन प्रक्रिया भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण



मन्त्रालयले अगाडि अगाडि बढाएको जानकारी गराउनुभयो । "समस्याग्रस्त घोषणा भएका सबै सहकारी संस्थाका बचतकर्ताहरूसँग ' अनलाइन'मार्फत मागदाबी गरिएबमोजिम ५९ हजार पाँच सय ८७ वटा मागदाबी निवेदन प्राप्त भएको छ, सोबापत रु ३५ अर्ब ५१ करोड ७२ लाख ३५ हजार बराबरको दायित्व यकिन गरिएको छ", उहाँले भन्नुभयो ।

प्रधानमन्त्री ओलीले सहकारी कर्जा असुली न्यायाधीकरण, कर्जा सूचना केन्द्र, र सहकारी बचत तथा कर्जा सुरक्षण कोष स्थापना गर्ने प्रक्रिया अगाडि बढाइसकिएको उल्लेख गर्दै यसका लागि बजेट समेत सुनिश्चित गरिएको जानकारी दिनुभयो । सहकारी नीतिको परिमार्जित मस्यौदा तयार गरिएको जानकारी गराउँदै उहाँले सहकारी ऐन, २०७४ को संशोधन मस्यौदा तयारीको चरणमा रहेको बताउनुभयो ।

संविधान संशोधनसँग सम्बन्धित प्रश्नमा प्रधानमन्त्री ओलीले संविधान संशोधन राष्ट्रिय आवश्यकता र राष्ट्रहितलाई मनन गरी राजनीतिक दलहरूबीच राष्ट्रिय सहमति जुटाउँदै अघि बढाइने विश्वास दिलाउनुभयो । "वर्तमानमा देखिएका समस्या सम्बोधन गरी संविधानलाई अझ जीवन्त बनाउन, देशलाई स्थायित्व र समृद्धिको मार्गमा अगाडि बढाउन सरकारमा रहेका/नरहेका सबै दलहरूसँग छलफल गरी परामर्श लिँदै यस कार्यलाई अगाडि बढाउने विश्वास दिलाउन चाहन्छु", उहाँले भन्नुभयो ।

## पोखरामा बोलबम धुमधामका साथ मनाइयो

**पोखरापत्र संवाददाता**
पोखरा, ७ साउन

पर्यटकीय नगरी पोखरामा यस बर्षको साउन महिनाको पहिलो सोमबार बोलबम पर्व धुमधामका साथ मनाइएको छ । शिवका भक्तहरुले सोमबार पोखरा क्षेत्रमा शिवालय मन्दिर हरुमा दर्शन गरी शिवलिङ्गमा दुध चढाउर्दै पहिलो सोमबार धुमधामका साथ बोलबम पर्व मनाउनु भएको हो ।

केदारेश्वर महादेवमणि सेवाश्रम समिति, बैदामको आयोजनामा विगतका वर्षझैं यस वर्ष पनि साउनको सोमबार बोलबम पदयात्रा भएको विश्वहिन्दु महासंघका केन्द्रीय उपाध्यक्ष एवं बोलबम कार्यक्रम संयोजक शंकर खरालले बताउनुभयो । बिहानैबाट परेको पानीको समेत कुनै प्रवाह नगरी बोलबमका भक्तजनहरु उल्लेखनिय रुपमा सहभागि भएको उहाँले जनाउनु भयो ।

पोखरामा करिब दुई दशकदेखि जारी उक्त कार्यक्रमले यहाँ धार्मिक पर्यटन प्रवर्द्धनमा समेत सघाउ पुग्दै आएको उहाँले



दाबी गर्नु भयो । 'बोलबमको ध्वनिले, शान्ति पाऊन् साराले' भन्ने मूलमन्त्रका साथ आयोजना हुने यो कार्यक्रम साउनका चार वटै सोमबार बगर शुक्लागण्डकी गाईघाट स्थित १०८ धारामा स्नान गरेर ८ किलोमिटर पैदल यात्रा सहित बैदामस्थित केदारेश्वरमा १०८ शिवलिंगमा जलार्पण गर्नु भएको छ । बोलबम जलयात्रामा नौमती बाजा, भजनकीर्तन, झाँकी प्रस्तुत भएको सचिव ओमनाथ अधिकारीले बताउनु भयो । मध्याह्न षोडस उपचार सहित विशेष पूजा आराधनादेखि भजन कीर्तन समेत गरिएको थियो । सन्ध्याकालीन समयमा विशेष पूजासहित महाआरतीसँगै शिव साधना हुने भएको छ । राष्ट्रिय लोकभजन चुड्का संरक्षण प्रतिष्ठान, विश्व हिन्दू महासंघ सांस्कृतिक समूह र विभिन्न भजन समूहद्वारा भजन प्रस्तुति भएको आयोजकले जनाएको छ । पोखराको सेतीनदी किनार गाईघाटमा भक्तजनहरुको सुरक्षाको लागि सुरक्षा निकायका तीनै अंग नेपाल प्रहरी, नेपाली सेना र शसस्त्र प्रहरी वलको टिम खटिएको छ । बिहान ५:०० बजे देखि भक्तजनहरुको गाईघाँट क्षेत्रमा दर्शनार्थीहरुको सहभागिता भएसँगै सुरक्षाकर्मीले सुरक्षा दिनु भएको थियो । पोखराको गाईघाट जाने मुल गेट र केदारेश्वर मन्दिरको मुल गेट अगाडि गाईको दुध, वेलपत्र, फुल बिक्री गर्नेहरुको भिड लागेको छ ।

## टान गण्डकीको वन्यजन्तु, प्राथमिक उपचार, ट्रेल नेभिगेसन र उद्धार तालिम प्रदान

**पोखरापत्र संवाददाता**
पोखरा, ७ साउन

ट्रेकिङ एजेन्सिज एशोशियसन अफ नेपाल (टान) गण्डकीको आयोजनामा भएको २ दिने वन्यजन्तु, प्राथमिक उपचार, ट्रेल नेभिगेसन र उद्धार तालिम सोमबार सम्पन्न भएको छ ।

नेपाल पर्यटन बोर्ड र संयुक्त राष्ट्र संघीय विकास कार्यक्रमको सहकार्यमा सञ्चालित जीविकोपार्जन पुनरुत्थानका लागि दिगो पर्यटन परियोजनासँगको सहकार्यमा भएको तालिम सोमबार समापन भएको हो । काम गरिरहेका पथ प्रदर्शकले पदयात्राका क्रममा भोगेका यावत समस्या समाधान गर्न सिकाउने उद्देश्यले आयोजित तालिममा ९० जनाको सहभागिता रहेको टान गण्डकीका अध्यक्ष धर्मराज पन्थीले बताउनुभयो ।



पथ प्रदर्शकलाई आगामी दिनमा पदयात्रा सुरक्षित बनाउन सघाउदै पद प्रदर्शकका रुपमा काम गरिरहेकाहरुले भोगेका समस्या समाधान कसरी गर्ने भन्ने केन्द्रीत तालिम प्रदान गरिएको उहाँले जनाउनु भयो । अध्यक्ष धर्मराज पन्थीले पथप्रदर्शनका क्रममा आउने व्यवहारिक कठिनाई हटाउने ज्ञान थप्न तालिम कोशेढुंगा सावित हुने विश्वास व्यक्त गर्नुभयो । तालिम समापन कार्यक्रममा बोल्दै पोखरा महानगरपालिकाका मेयर धनराज आचार्यले तालिमले पथप्रदर्शकलाई थप उत्साहित बनाएको बताउनु भयो । आज ट्रेनिङ दियो ६ महिनापछि ती तालिम लिएकाहरु बजारमा खोज्दा नपाउने स्थिति छ,उनले उहाँले भन्नु भयो,'पथ प्रदर्शनमा त्यस्तो अवस्था हुने छैन भन्ने विश्वास गर्छु । यस तालिमले दक्ष जनशक्तिको अभाव मेटाउनेछ ।' ट्रेकिङका पथप्रदर्शक पर्यटनको ऐना भएको दाबी गर्दै उहाँले पथप्रदर्शकले पर्यटक माथि जस्तो व्यवहार गर्छ, त्यो पर्यटकले आफ्नो देश फर्केर त्यस्तै प्रतिक्रिया जनाउने जनाउनु भयो । पथ प्रदर्शकले राम्रो व्यवहार गर्दा नेपाल आएका पर्यटकले आफ्नो देश फर्केर नेपालको गुणगान गाउले तर नराम्रो व्यवहार गरे बदनाम गर्ने मेयर आचार्यको भनाई थियो ।

पोखरा पर्यटन परिषदका अध्यक्ष पोमनारायण श्रेष्ठले तालिम पश्चात दक्ष जनशक्तिको अभाव नहुने बताउनु भयो । पोखरा महानगरले १५ लाख पर्यटक भित्राउने लक्ष्य राखेकोमा निजी तथा पर्यटन व्यवसायीसंगको सहकार्यमा मात्र उक्त अभियान सफल हुने दाबी गर्नुभयो । पोखरालाई पर्यटनको राजधानी घोषणादेखि अन्तर्राष्ट्रिय विमानस्थल निर्माणसम्मका काम भए पछि यसलाई दिगो रुपमा अन्तराष्ट्रिय हवाई उडान हुन नसक्नु पोखरेलीको लागि दुर्भाग्य भएको उहाँले जनाउनुभयो । नेपाल पर्यटन वोर्डका पूर्व वोर्ड सदस्य तथा टान गण्डकीका पूर्व अध्यक्ष टीकाराम सापकोटाले ट्रेकिङ रुट नबिगारी थप रुट थप्दै जानुपर्नेमा जोड दिनु भयो । ट्रेकिङका स्वरोजगार कम्पनीलाई राज्यले कर छुट दिनुपर्नेमा माग गर्दै अन्नपूर्ण पदमार्गमा आउने पयटक हाल विस्थापित हुदै गएकोका उहाँले चिन्ता व्यक्त गर्नुभयो । तालिममा पदयात्राका क्रममा वन्यजन्तु भेटिदा अप्नाउनुपर्ने सावधानी, आक्रमण भइहालेमा बच्ने उपाय, आफू वा पाहुना पर्यटक घाइते भएमा गरिने प्राथमिक उपचार, दुर्घटनामा वा वन्यजन्तुको आक्रमणबाट घाइते भएकाको उद्धार तथा पदयात्राको गन्तव्य पहिचानका लागि गरिने नक्साको प्रयोगसँगै हाईअल्टिच्यूड तथा छिनछिनमा हुने मौषम परिवर्तनमा अप्नाउनुपर्ने साबधानीबारे तालिम दिइएको टान गण्डकीका उपाध्यक्ष कृष्णप्रसाद आचार्यले बताउनु भयो । पुर्नताजगी तालिम भएकाले पदयात्रामा दशकौंदेखि काम गरिरहेका पथप्रदर्शकहरु सहभागि रहेको उहाँले जनाउनु भयो । तालिममा नेभिगेसन र म्याप रिडिङबारे विज्ञ प्रेम गुरुङ, वन्यजन्तु सम्बन्धि एक्यापका आयोजना प्रमुख डा. रवीन कडरिया, उद्धारबारे सशस्त्र प्रहरी बल कालिका गण पोखराका सशस्त्र प्रहरी उपरीक्षक (एसपी) अरुणकुमार शर्मा, प्राथमिक उपचार सम्बन्धि प्रदेश स्वास्थ्य निर्देशनालयका अधिकृत नवराज शर्मा, हाईअल्टिच्यूड तथा मौषम परिवर्तनसँगै अप्नाईनुपर्ने सतर्कताबारे माउण्टेन गाईड तथा सो विषयमा अध्यापनरत जगन तिमिल्सिना, शेषकान्त शर्मा लगायतले सहजीकरण गरेको टान गण्डकीका सचिव तीर्थराज सुवेदीले बताउनुभयो ।

## पुष्पलाल अध्ययन केन्द्र भवन ओझेलमा

**हरिप्रसाद बास्तोला**
पोखरा, ७ साउन/रासस

नेपाली कम्युनिष्ट आन्दोलनका संस्थापक पुष्पलाल श्रेष्ठका युगजयी विचारको अध्ययन-अनुसन्धान गर्ने सोचका साथ निर्माण गरिएको पोखराको फेदीपाटनस्थित पुष्पलाल अध्ययन केन्द्र भवन ओझेलमा परेको छ ।

नेपालमा कम्युनिष्ट आन्दोलनको जग बसाल्ने प्रमुख नेता पुष्पलालले अघि सार्नुभएका दर्शन र सिद्धान्तलाई जीवन्त राखी भावी पुस्तालाई हस्तान्तरण लक्ष्यका साथ निर्माण गरिएको भवन पूर्णरूपमा सञ्चालनमा आउन नसक्दा ओझेलमा परेको हो । पोखरा महानगरपालिका-२१ फेदीपाटन, पोटेरामा पाँच वर्षअघि निर्माण गरिएको सुविधासम्पन्न भवन अत्यावश्यक संरचनाको अभावमा पूर्णरूपमा सञ्चालन गर्न नसकिएको पुष्पलाल अध्ययन


बाँकी अन्तिम पृष्ठमा ▶▶



डेंगीबाट बचौं र बचाऔं

◆उच्च ज्वरो आउनु ।
◆जोर्नी र मांशपेशीहरुमा असह्य पीडा हुनु ।
◆आँखाको गेडी दुख्नु ।
◆अत्याधिक टाउको दुख्नु ।
◆शरीरमा राता विमिराहरु आउनु ।
◆वाकवाकी लाग्नु वा वान्ता हुनु ।

यस्ता लक्षणहरु देखापरेमा डेंगी हुन सक्छ । तत्काल चिकित्सक वा स्वास्थ्यकर्मीको सल्लाह लिऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड



सुपथ मूल्यमा आकर्षक छपाइ



पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस् ।

हिमालय अफसेट प्रेस
नयाँबजार, पोखरा
फोन नं. : ०६१-५७०६५१

# मिटरमा गुड्न मान्दैनन् पोखराका ट्याक्सी

**पोखरापत्र संवाददाता**
पोखरा, ७ साउन

गण्डकी प्रदेशको भौतिक पूर्वाधार विकास तथा यातायात व्यवस्था मन्त्रालय र पोखरामा ट्याक्सी व्यवसायीबीच गत साउन २७ मा पोखरामा मिटरमा ट्याक्सी चलाउने सहमति भयो। मन्त्रालयले भदौ १ गतेदेखि अनिवार्य रूपमा मिटर प्रणालीमा ट्याक्सी सेवा सञ्चालन गर्नुपर्ने निर्णय गर्‍यो।

तत्कालीन भौतिक पूर्वाधार विकास तथा यातायात व्यवस्थामन्त्री रेशमबहादुर जुग्जालीसहित सरोकार भएका पक्षसँगको छलफलमा व्यवसायीले मिटरमा ट्याक्सी गुडाउने प्रतिबद्धतासमेत जनाए। तर उक्त निर्णय भएको वर्ष दिन नबित्दै पर्यटकीय राजधानीसमेत रहेको पोखरामा मिटरमा ट्याक्सी गुड्न छाडिसकेका छन्।

यातायात मन्त्रालयसँग भएको सहमतिलाई वेवास्ता गर्दै ट्याक्सी चालकले सर्वसाधारण यात्रुबाट मनोमानी रूपमा भाडा असुलिरहेका छन्। गण्डकी प्रदेश सरकारले तीन वर्षअघि समायोजन गरेको भाडादरअनुसार ट्याक्सी मिटर चलाउन तयार भएका चालक अहिले सोही भाडादरलाई देखाएर मिटरमा हिँड्न अस्वीकार गरिरहेका छन्। विसं २०७८ फागुन १ गतेदेखि लागू हुनेगरी प्रदेश सरकारले भाडादर समायोजन गरे पनि पोखराका ट्याक्सी मिटरमा चलेका थिएनन्। ट्याक्सीले मनपरी भाडा लिने गरेको जनाउँदै जनगुनासो बढ्न थालेपछि मन्त्रालयले मिटर प्रणालीमा ट्याक्सी सञ्चालनका लागि पहल लिएको थियो। मन्त्रालय र यातायात व्यवस्था कार्यालयका पदाधिकारी, ट्राफिक प्रहरीलगायतले केही समय ट्याक्सीको अनुगमन पनि गरे। केही समय ट्याक्सी चालक मिटरमा पनि हिँडे। मिटर गुड्न अटेर गर्नेहरू कारबाहीमा पनि परे। अहिले न अनुगमन छ, न त मिटरमा नचल्ने ट्याक्सीलाई कारबाही नै हुन्छ।

ट्याक्सी चालक छिरिङ शेर्पाले नयाँ भाडादर समायोजन नभएका कारण मिटरमा चलाउन सक्ने अवस्था नरहेको बताउनुभयो। "इन्धनको मूल्य बढेको बढ्यै छ, भाडादर भने पहिलैके छ", उहाँले भन्नुभयो, "बढ्दो महँगीलगायत अहिलेको अवस्थाअनुसार भाडादर समायोजन भए मात्र ट्याक्सी मिटरमा गुड्न सक्छन्, नत्र गाह्रो छ।" ट्याक्सी व्यवसायीले स्वचालित भाडादर कायम हुनुपर्ने माग गर्दै आएका छन्। इन्धनको मूल्यमा आइरहने उतारचढाव, बढ्दो महँगीजस्ता कारणले मिटर प्रणालीमा समस्या आउने गरेको पोखरेली ट्याक्सी व्यवसायी समितिका महासचिव युवराज भट्टराईले बताउनुभयो। "इन्धन मात्र नभएर, गाडी पार्टस्लगायत सामान महँगो हुँदै गएको छ, यसलाई पनि विचार गरेर भाडादर समायोजन गर्नुपर्छ", उहाँले भन्नुभयो, "मिटर प्रणालीमा पनि केही जटिलता छन्, मिटर जडान महँगो छ, पोखराका ट्याक्सीमा एकपटक मिटर बढाउँदा दुई-तीन महिना लाग्छ।" नयाँ भाडादर समायोजनलगायत माग पूरा भए व्यवसायीहरू मिटरमा ट्याक्सी सञ्चालन गर्न तयार रहेको महासचिव भट्टराईले बताउनुभयो। तीन वर्षअघि समायोजन गरेको भाडादरअनुसार १५ किमीको यात्रामा चढ्नासाथ (फ्ल्याग डाउन) रु ८० र त्यपछि प्रति दुई सय मिटरको रु १० तोकिएको छ। १५ किमीभन्दा बढीको दूरीमा प्रतिकिमी ३७ रुपैयाँ ५० पैसा कायम गरिएको थियो।

मन्त्रालयको प्रशासन तथा यातायात व्यवस्थापन महाशाखाका पदाधिकारी भने विगतमा प्रतिबद्धता गरेको विषयलाई ट्याक्सी व्यवसायीले लागू गर्नुपर्ने बताउँछन्। ट्याक्सी मिटरमा नगुड्दा यात्रु ठगिइरहेको गुनासो मन्त्रालयसम्म पुग्ने गरेको छ। पोखराका ट्याक्सीले मनलाग्दी भाडा लिने प्रवृत्तिको अन्त्य गर्ने सम्बन्धित निकायहरूको प्रतिबद्धता भने पूरा हुनसकेको छैन। प्रदेश सरकार र ट्याक्सी व्यवसायीबीच भाडा समायोजनलगायत विषयमा भएका कतिपय समझदारी कार्यान्वयनमा नआई अलपत्र परेका छन्। उक्त सहमतिपत्रमा भाडा तिरेको बिल दिनुपर्ने, ट्याक्सीमा जिपीएस जडान गर्नुपर्ने, चालकको छुट्टै पोशाक हुनुपर्नेलगायत विषय उल्लेख थियो। पोखराका ट्याक्सी चालकले मनलाग्दी रूपमा यात्रुबाट भाडा लिने गरेको विषय केही महिनाअघि गण्डकी प्रदेशसभाको अर्थ तथा विकास समितिमा समेत पुगेको थियो। समितिले पोखरामा चल्ने ट्याक्सीलाई मिटर प्रणालीमा सञ्चालन हुने व्यवस्था मिलाउन यातायात व्यवस्था मन्त्रालयलाई निर्देशन दिएको समितिका सभापति भोजराज अर्यालले बताउनुभयो। पोखरा अन्तर्राष्ट्रिय विमानस्थलबाट बाहिरिने यात्रुले ट्याक्सीलाई चर्को भाडा तिर्नुपरेको गुनासो गरेपछिसमितिले विमानस्थलदेखि राजमार्गसम्म निःशुल्क सटल बस सञ्चालनका लागि सम्भाव्यता अध्ययन गर्न उक्त मन्त्रालयलाई निर्देशन दिएको थियो। ट्याक्सी भाडामा देखिएको मनोमानीको अन्त्यका लागि आफूले यातायात व्यवस्था मन्त्रालयका मन्त्रीलगायत पदाधिकारीसँग भेटेर पटकपटक छलफल गरेको सभापति अर्यालले बताउनुभयो।



विन्ध्यवासिनी मन्दिरमा भक्तजन :
पोखराको विन्ध्यवासिनी मन्दिरमा साउनको पहिलो सोमबार झरीका बीच पनि पूजा गर्न पुगेका भक्तजन।
तस्बिरः धनबहादुर गुरुङ / रासस

# मंगलबार पोखराको सिटिजन फर्निचर परिसरमा खुल्ला रक्तदान हुने

**पोखरापत्र संवाददाता**
पोखरा, ७ साउन

"रक्तदान जीवनदान, जीवनदान महादान, रक्तदान गरौं पुण्य कमाऔं" भन्ने नारा सहित मंगलबार पोखराको न्यूरोडमा रहेको सिटिजन फर्निचर फर्निचर परिसरमा खुल्ला रक्तंदान कार्यक्रम हुने भएको छ।

नेपाल फर्निचर तथा फर्निसिङ्ग व्यवसायी महासंघ स्थापनाको ९ औं वर्ष पुरा गरी १० औं वर्ष प्रवेशको शुभ अवसरमा प्रदेश समन्वय समिति, गण्डकी प्रदेश तथा कास्की जिल्ला संघको आयोजनामा एवं सिटिजन फर्निचरको सहकार्यमा उक्त कार्यक्रम हुने भएको सिटिजन फर्निचरका प्रोपाइटर दीपक कार्कीले बताउनु भयो। रक्त सेवा केन्द्र पोखराको प्रविधिक सहयोगमा पोखरा महानगरपालिका-९, न्यूरोड सिटिजन फर्निचरको प्राङ्गणमा बिहान ८:०० बजे देखि बिहान ११:३० बजेसम्म खुल्ला रंक्तदान हुने भएको उहाँले जनाउनु भयो। आफुहरुको व्यवसायसंगै सामाजिक उत्तरदायित्व बहन गर्दै उक्त कार्यक्रममा व्यबस्थापन सहितको सहकार्य गरेको प्रोपाइटर कार्कीले जनाउनुभयो।

# पुष्पलाल ...

केन्द्रका अध्यक्ष एवम् नेकपा एमाले स्थायी कमिटीका सदस्य खगराज अधिकारीले जानकारी दिनुभयो। उहाँका अनुसार तत्कालीन जहानियाँ राणा शासनका विरुद्धमा आवाज उठाउँदै नेपाली जनताको स्वतन्त्रताका पक्षमा कम्युनिष्ट विचारधारालाई अघि बढाएका आदर्श पुरुष पुष्पलालको विचारलाई जीवन्त राख्ने उद्देश्यका साथ केन्द्र स्थापना गरिएको हो।

करिब रु १० लाखमा खरिद गरेको आठ आना जग्गामा सङ्घ र स्थानीय सरकार, विभिन्न सङ्घसंस्था एवं व्यक्तिबाट सङ्कलन गरिएको रु एक करोड ५० लाख बराबरको आर्थिक सहयोगबाट भवन निर्माण गरिएको अध्ययन केन्द्रले जनाएको छ। गण्डकी प्रदेशका पूर्वमुख्यमन्त्री एवं नेपाल कम्युनिष्ट पार्टी (एमाले) का नेता अधिकारीले भन्नुभयो, "तीनतले पक्की भवनमा पुस्तकालय, तालिम कक्ष, पुष्पलालसम्बन्धी अध्ययन-अनुसन्धान गर्न इच्छुक सङ्घसंस्था एवं व्यक्तिका लागि नवीनतम् प्रविधिसहित आवश्यक वातावरण तयार गरिए पनि अपेक्षा गरिएअनुसार भवनको सदुपयोग हुन सकेको छैन, त्यसतर्फ हामी सबैको ध्यान जान आवश्यक छ।" पुष्पलालको ४६औँ स्मृति दिवसका अवसरमा नेकपा (एमाले) पोखरा महानगरपालिकाद्वारा सोही भवनमा आज आयोजित प्रवचन गोष्ठीलाई सम्बोधन गर्दै एमाले नेता अधिकारीले यसै क्षेत्र आसपासका करिब एक सय रोपनी सार्वजनिक जग्गाको पहिचान एवं संरक्षण गरी जननेता मदन भण्डारी र कम्युनिष्ट आन्दोलनका शीर्षस्थ नेताहरूको सालिकसहित पुष्पलाल स्मृति वाटिका निर्माण गर्न केन्द्र जुटिरहेको जानकारी दिनुभयो।

पोखरा महानगरपालिका-१७ र २१ जोडने फुस्रेखोलामाथिको पक्की पुल निर्माण प्रक्रियाअन्तर्गत रु ४९ करोड लागतसहितको डिपिआर तयार भएको जानकारी दिँदै पूर्वमुख्यमन्त्री अधिकारीले पुल निर्माणपछि अध्ययन केन्द्रसहित स्थानीय बासिन्दाका लागि यातायातको पहुँच पुग्ने विश्वास व्यक्त गर्नुभयो। एमाले केन्द्रीय सदस्य एवं पोखरा महानगरपालिका इन्चार्ज कृष्ण थापाले नेपाल कम्युनिष्ट पार्टीमार्फत जनताका पक्षमा अधिकार स्थापित गर्ने लक्ष्यका साथ पुष्पलालले २००६ साल वैशाख १० गते नेकपाको स्थापना गर्नुभएको बताउनुभयो।

यसैगरी, केन्द्रीय सदस्य एवम् अध्ययन केन्द्रका महासचिव भीमबहादुर कार्कीले पुष्पलालले विश्व कम्युनिष्ट घोषणापत्रलाई नेपालीमा अनुवाद गरी प्रकाशन गर्नुभएपछि नेपालमा कम्युनिष्ट आन्दोलनको बीजारोपण भएको धारणा व्यक्त गर्नुभयो। एमाले पोखरा महानगर कमिटी अध्यक्ष जीवन आचार्यको अध्यक्षतामा भएको कार्यक्रममा पार्टी जिल्ला कमिटी अध्यक्ष बैनबहादुर अधिकारी क्षेत्रीलगायतले नेपाल कम्युनिष्ट पार्टी स्थापनामा पुष्पलालको योगदानका बारेमा चर्चा गर्नुभएको थियो। सो अवसरमा अध्ययन केन्द्र भवनको अग्रभागमा पुष्पलाल र पोखरा-१६ बाटुलेचौर जन्मस्थान भएका पुष्पलालका सहपाठी कम्युनिष्ट नेता बलराम उपाध्याय तिमल्सिनाको अर्धकदको सालिकमा माल्यार्पण गरिएको थियो। विसं १९८१ साल असार १५ गते रामेछाप जिल्लाको भङ्गेरीमा बाबु भक्तलाल र आमा तुलसीमाया श्रेष्ठका कोखबाट माइलो सन्तानका रूपमा जन्मनुभएका पुष्पलालको नयाँ दिल्लीस्थित गोविन्दवल्लभ पन्त अस्पतालमा २०३५ साल साउन ७ गते उपचारका क्रममा निधन भएको थियो।

# तिलिचो ताल जोड्ने पदमार्ग निर्माण

**पोखरापत्र संवाददाता**
म्याग्दी, ७ साउन

मुस्ताङबाट संसारकै अग्लो स्थानमा रहेको तिलिचो ताल जोड्ने पदमार्ग निर्माण र स्तरोन्नति भएको छ।

घरपझोङ गाउँपालिका र अन्नपूर्ण संरक्षण क्षेत्र आयोजना (एक्याप) इलाका संरक्षण कार्यालय जोमसोमको सहयोगमा घरपझोङ गाउँपालिकाको ठिनीबाट करिब २३ किलोमिटर पदमार्ग निर्माण र स्तरोन्नति गरिएको हो। गाउँपालिकाको दुईवटा शीर्षकको र एक्यापको बजेटबाट फरक-फरक ठाउँमा पदमार्ग निर्माण भएको हो। आर्थिक वर्ष २०८०/८१ मा घरपझोङ गाउँपालिकाले दुईवटा शीर्षकमा रु ५० लाख बजेट बिनियोजन गरेको तिलिचो ताल जोड्ने पदमार्ग मर्मत तथा स्तरोन्नति योजनाका लागि एक्यापले पनि रु १० लाख खर्च गरेको छ। घरपझोङ गाउँपालिकाका रोजगार संयोजक शर्मिला श्रीसले प्रधानमन्त्री रोजगार कार्यक्रमको रु २१ लाख ४९ हजार र गाउँपालिकाको थप रु २८ लाख ५८ हजार बजेटबाट वडा नं ४ र ५ को विभिन्न ठाउँमा २२ किलोमिटर पदमार्ग बनाएको जानकारी दिनुभयो। "दुईवटा वडाका १४-१४ जना बेरोजगार युवालाई पदमार्ग निर्माणमा परिचालन गरिएको थियो", उहाँले भन्नुभयो, "साँघुरो र जोखिमयुक्त ठाउँमा चार फिट फराकिलो पदमार्ग बनाएर सहज रूपमा आवतजावत गर्न सकिने बनाइएको छ।"

झोरखोलाबाठ-नमखुलेक खर्क-निलगिरि आइसफल-छमा ताल पहुँच मार्गको सोचिलेकसम्म पदमार्ग निर्माण तथा स्तरोन्नति गरिएको रोजगार संयोजक श्रीसले बताउनुभयो। एक्यापमार्फत पाँच हजार एक सय २० मिटर उचाइमा रहेको मेरोकोन्दो पास क्षेत्रमा नौ सय ५० मिटर पुरानो पदमार्ग मर्मत र छ सय मिटर नयाँ पदमार्ग निर्माण गरिएको रेञ्जर सञ्जोक थकालीले जानकारी दिनुभयो। जोमसोम-ठनी हुँदै बढीमा तीन दिनमा तिलिचो पुगेर फर्कन सकिने यो पदमार्ग समुद्री सतहबाट चार हजार नौ सय १९ मिटर उचाइमा अवस्थित संसारकै अग्लो स्थानमा रहेको मानिएको यो ताल पुग्ने छोटो पदमार्ग भएको रेञ्जर थकालीले बताउनुभयो। प्राकृतिक सौन्दर्ययुक्त तिलिचो ताल, नीलगिरि हिमाल, नमखु लेक, हिमचितुवाको बासस्थान, धुम्बा ताल, ह्यारझु भ्यू प्वाइन्ट, ठिनीगाउँ, ऐतिहासिक घरफझोङ किल्ला, कैश्याङ क्याम्प, थकाली कला र संस्कृति, भेडाच्याङ्ग्रा तथा चौँरीको गोठ यो पदमार्गका आकर्षण हुन्।


यसैगरी मुस्ताङमा यस वर्ष एक्यापको रु २७ लाख ३२ हजार पाँच सय नौ बजेटमा तिलिचो ताल जोड्नेसहित छ ठाउँमा पदमार्ग निर्माण र स्तरोन्नति गरिएको छ। उपभोक्ताले रु एक लाख ३२ हजार बराबरको श्रमदान गरेका छन्। पाँच-पाँच लाख बजेटमा थासाङ गाउँपालिकाको घैकु-मिसी-लेते-कालोपानी पदमार्गमा चार सय ५० मिटर मर्मत र चोखोपानी क्षेत्रमा ६५ मिटर पदमार्ग निर्माणका साथै ५५ थान ग्याबियन पर्खाल निर्माण भएको छ। रु एक लाख बजेटमा सौरु सिरकुङ-ताग्मी-फुरतमी क्षेत्रमा दुईवटा सल्याब, १२ थान ग्याबियन बक्स राखेर पदमार्ग मर्मत गरिएको छ। जोमसोम-कागबेनी-मुक्तिनाथ सडक बनेपछि पहिचान भएको वारागुङ मुक्तिक्षेत्र गाउँपालिकाको मुक्तिनाथ-लुप्राखोला पदमार्गमा दुई हजार एक सय ७९ मिटर र मनाङ हुँदै पाँच हजार चार सय मिटर उचाइको थोराङ्ला भञ्ज्याङ पार गरेर मुस्ताङ आउने बाटोमा सात सय १९ मिटर पदमार्ग निर्माण भएको छ।


## कपालको उपचार

**कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने**

**के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?**

- कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
- चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
- कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन्।
- कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगाबै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ। यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला।



**सम्पर्कः पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.**
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६

## प्यारालाइसिसका बिरामीको उपचार

विगत १८ वर्षदेखि सञ्चालित यस हस्पिटलमा विशेष छुटका साथ नयाँ तथा पुराना प्यारालाईसिसका बिरामीहरुको सफल उपचार भैरहेको जानकारी गराउँदछौं।

**प्रेसरले हानेर प्यारालाईसिस भएका बिरामीहरूको मात्र उपचार भइरहेको छ।**

लक्षणहरु :
» शरिरको एक हर नचल्ने।
» मुख बाङ्गो भएको।
» खाना खान, बोल्न, पिसाब गर्न गाह्रो भएको।
» हिँड्न नसक्ने, खुट्टा हात लुलो भएको।

सम्पर्क:
**स्पार्क वि एण्ड डि हस्पिटल प्रा.लि.**
पोखरा-८ न्यूरोड, सभागृहचोक
फोन नं. ०६१-५७१४०८, ९८५६०२६७५०,९८६६४१५३८०

## के तपाईमा यौनसम्बन्धी समस्या छ

**पुरुषमा देखिने**: शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङग उत्तेजना नहुने, लिङ चिलाउने, सरूवा यौन रोग, स्वप्नदोष, लिङगको आकार सानो हुने आदि।

**महिलाहरुमा देखिने**: स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडबडी, यौन सन्तुष्टिमा कमी हुने आदि।

**सुन्दरता** : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु।

**मलद्वार सम्वन्धी रोग** : छारसुत्रद्धार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्वारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्वार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरूको सफल उपचार गरिन्छ।

**महिला वा पुरुषमा हुने (बाँझोपन) निःसन्तानपनको सफल उपचार**

**जाँच्ने समय**: प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म

सम्पर्क स्थान :
**माता मनकामना आर्युर्बेद क्लिनीक प्रा.लि.**
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०४, ९८०६५७५७६५

नोट : नयाँ तथा पुराना बिरामीहरूले यथाशीघ्र सम्पर्क गर्नुहोला।


फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्धसम्पादकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

**सुक्तिसुधा**

एक क्षणको पाप कैयौं वर्षको कष्ट बन्छ ।
– कालीदास

## सम्पादकीय

# कांग्रेस एमालेको सहमति

कांग्रेसका सभापति शेरबहादुर देउवा र नेकपा (एमाले)का अध्यक्ष केपी शर्मा ओलीबीच असार १७ गते भएको सातबुँदे सहमति सार्वजनिक भएको छ। काङ्ग्रेस र नेकपा एमाले बीच भएको सहमति सार्वजनिक नभएको भनी माओवादी केन्द्र लगायतका दलहरूले बिरोध गर्दै आएका थिएन । काङ्ग्रेस र एमालेका केन्द्रीय सदस्य र सांसदहरूलाई नदेखाएको भनी बिरोध जनाउने र दुईवटा ठूला दल मिल्नु बेठीक भन्ने भाष्य निर्माण गर्न खोजिएको थियो ।दुई पार्टी बीचमा भएको सहमति संसदमा प्रवेश भएको छ।

सहमतिका हस्ताक्षरकर्तामध्येका एक प्रधानमन्त्री केपी शर्मा ओलीले साउन ६ गते प्रतिनिधि सभा बैठकमा विश्वासको मत लिने क्रममा सहमति औपचारिक रूपमा सार्वजनिक गरेका छन । विगतमा भएका सहमति शिर्ष नेता र तिनका विश्वास पात्रलाई मात्र साक्षी राख्ने गरिएको थियो । यो सहमति संसद्को रेकर्डमा रहेको छ । नेपाली जनताका प्रतिनिधि साक्षी बनेका छन। सहमति दुई पार्टीको मात्र नभएर सबैको सरोकारको विषय भएको छानेताहरुले हतारहतार प्रेसलाई मात्र दिने काम रोकेर सबैको चासोको विषय बनाउनु समाजप्रतिको उत्तर दायित्व हो ।

देउवा र ओलीबीचको सहमतिपछि पुष्पकमल दाहाल नेतृत्वको सरकार विस्थापित भइसकेको छ। एमाले अध्यक्ष ओली प्रधानमन्त्री मात्र होइन प्रदेशमा समेल जानकारी नगराउनुभन्दा कामबाटै देखाउनुपर्छ । प्रधानमन्त्री ओलीका अनुसार सहमतिका बुँदा यस्ता छन् :

१. आमजनताको चाहना बमोजिम राष्ट्रिय हितको रक्षा गर्न, भ्रष्टाचार नियन्त्रण गरी मुलुकमा सुशासन कायम गर्न, राष्ट्रको विकास निर्माण अभियानलाई तीव्रता दिन, राजनीतिक स्थिरताका लागि अन्य राजनीतिक दललाई समेत सहभागी गराई संविधानको धारा ७६ को उपधारा २ अन्तर्गत राष्ट्रिय सहमतिको सरकार निर्माण गर्ने।

२. राष्ट्रिय सहमतिको सरकारले संविधान प्रारम्भ हुनासाथ अभ्यासमा देखा परेका सबल पक्ष र दुर्बल पक्षका जटिलताको समीक्षा गरी राजनीतिक स्थायित्वका लागि संविधानमा आवश्यक संशोधन र तदनुकूल कानून निर्माण गर्ने विषयलाई प्राथमिकता दिने।

३. अर्थतन्त्रमा विद्यमान शिथिलतालाई विश्वसनीय व्यावसायिक वातावरण तयार गरी आर्थिक गतिविधिलाई चलायमान बनाउने। बाह्य लगानीलाई प्रोत्साहित गरी मुलुकभित्र पर्याप्त र मर्यादित लगानी सिर्जना गर्ने।

४. राष्ट्रिय सहमतिको सरकारको नेतृत्व सरकारका गठन भएको मितिले दुई वर्षसम्म नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओलीले र त्यसपछि २०८४ मंसीरमा हुने आमनिर्वाचनसम्म नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवाले गर्ने।

५. राष्ट्रिय हितको रक्षा गर्न भ्रष्टाचार नियन्त्रण गरी मुलुकमा सुशासन कायम गर्न राष्ट्रको विकास निर्माणको अभियानलाई तीव्रता दिन राष्ट्रिय सहमतिको सरकारका आधार र न्यूनतम कार्यक्रम तर्जुमा गरी सोही आधारमा सरकार सञ्चालन गर्ने।

६. राष्ट्रिय सहमतिको सरकारका लागि दुई प्रमुख राजनीतिक दलको नेतृत्वदायी भूमिका र समानताका आधारमा समान हैसियतमा सरकारमा सहभागिता रहने र अन्य राजनीतिक दललाई समेत सरकारमा समावेश गर्ने।

७. राष्ट्रिय सहमतिको सरकारको मर्म र भावना अनुरूप प्रदेश सरकारको गठन र सञ्चालन गर्ने तथा जनभावना अनुरूप प्रदेश तथा स्थानीय तहमा विकास निर्माणको कामलाई तीव्रता दिने ।


## तपाईंको आज

| | | | |
|---|---|---|---|
| मेष | : सत्कार मिल्नेछ | तुला | : झमेला बढ्ने |
| वृष | : आर्थिक समस्या | वृश्चिक | : कार्यमा सफलता |
| मिथुन | : मानसिक तनाब | धनु | : शुभ यात्रा |
| कर्कट | : शारीरिक झमेला | मकर | : स्वास्थ्यमा सुधार |
| सिंह | : ब्यापारमा लाभ | कुम्भ | : सहयोग मिल्नेछ |
| कन्या | : शत्रुको भय | मीन | : अप्रत्यसित लाभ |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**

पोखरा–१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६

चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस्।


# आदिकवि क्याम्पसमा मगर भाषासम्बन्धी प्रशिक्षण

**रासस**
डुम्रे, ७ साउन

तनहुँको व्यास नगरपालिका-१ भादगाउँ विज्ञानचौरस्थित आदिकवि भानुभक्त क्याम्पसमा मगर भाषा प्रशिक्षक प्रशिक्षणसम्बन्धी प्रशिक्षण सुरु भएको छ । अध्ययन तथा कामकाजी भाषामा मगर भाषा सहभागी गराउन सहज बनाउने उद्देश्यले पुरक पाठ्यक्रममा मगर भाषा समावेश गरी क्याम्पसले प्रशिक्षण सुरु गरेको हो ।

पुरक पाठ्यक्रमको प्रशिक्षण कक्षा आइतबार बिहान ६ बजेदेखि बेलुकी ४ बजेसम्म एक सातामा ४८ घण्टा सञ्चालन हुने क्याम्पस प्रमुख महाप्रसाद हड्खलेले जानकारी दिनुभयो । उहाँका अनुसार छ जना मगर भाषाका विज्ञहरूले प्रशिक्षार्थीलाई प्रशिक्षण दिनुहुनेछ । उहाँले भन्नुभयो, “तनहुँको सबैभन्दा बढी जनसङ्ख्या भएको मगर जातिको भाषा, संस्कार, संस्कृतिको संरक्षणमा टेवा पुऱ्याउन पुरक पाठ्यक्रम निर्माण गरी प्रशिक्षण गरिएको हो ।” प्रशिक्षणको सम्पूर्ण खर्च क्याम्पसले व्यवस्थापन गरेको छ । प्रशिक्षणले क्याम्पसलाई परिस्कृत गर्ने उहाँको विश्वास छ । क्याम्पसले यस वर्ष चार छुट्टाछुट्टै विषयमा पुरक पाठ्यक्रम सञ्चालन गरेको छ। कक्षा १२ उत्तीर्ण ३० जना प्रशिक्षार्थी प्रशिक्षणमा सहभागी छन् । प्रशिक्षणमा ७० प्रतिशत क्याम्पसका विद्यार्थी र ३० प्रतिशत मगर समुदायका छन् । गण्डकी र सुदूरपश्चिमका मगरभाषी युवा प्रशिक्षणमा सहभागी छन् । क्याम्पसको आदिवासी जनजाति भाषा तथा संस्कृति सम्बर्द्धन एवं विकास समितिले प्रशिक्षणको व्यवस्थापन गरेको हो । समितिका संयोजक एवं क्याम्पस सञ्चालक समिति सदस्य क्या सोमबहादुर थापाले भाषा प्रशिक्षणले पाठ्यक्रमलाई सहज बनाउने र मगर भाषा संरक्षणमा टेवा पुग्ने बताउनुभयो। क्याम्पस प्रमुख हडखलेले समुदाय र सरोकारवाला सङ्घ संस्थाले चासो नदिँदा अन्य आदिवासी जनजाति समुदायको भाषा र संस्कृति संरक्षण गर्न अत्यावश्यक देखिएको बताउनुभयो । उहाँले भाषाको महत्व नबुझ्दा लोप हुन लागेका भाषा संरक्षण गर्ने उद्देश्यले क्याम्पसले मगर विद्यार्थी र समुदायका मगर भाषी युवालाई प्रशिक्षक बनाउन पुरक पाठ्यक्रम तयार गरी प्रशिक्षण दिन थालिएको बताउनुभयो । नेपाल प्रज्ञा प्रतिष्ठानका प्राज्ञसभा सदस्य एवं तालिमका मुख्य प्रशिक्षक तथा मगर भाषा विज्ञ प्रा डा विष्णु सिञ्जालीले आदिवासी जनजातिका भाषा एवं संस्कृति राज्यको ठूलो पहिचान र सम्पत्ति भएको धारणा राख्नुभयो ।

जनजातिले मातृभाषा र संस्कृति संरक्षण गर्दै आए पनि राज्यले क्याम्पस तथा विश्वविद्यालयमा आदिवासी जनजातिका भाषा एवं संस्कृति अध्ययन अध्यापन र सोध तथा अनुसन्धान गर्ने वातावरण बनाउन नसकेको गुनासो उहाँको छ । आदिकवि क्याम्पसले सराहनीय कार्यको सुरुआत गरेकामा उहाँले प्रशंसा गर्नुभयो। सांस्कृतिक सम्पदा कुनै समुदायको मात्र नभइ राज्यको राष्ट्रिय सम्पदा भएकाले राज्यले संरक्षण र प्रवर्द्धन गर्नुपर्नेमा डा सिञ्जालीको जोड छ।

नेपाल मगर सङ्घ केन्द्रीय निर्वाचन संयोजक सिद्धान्त गर्जामगरले दुई वा दुईभन्दा बढी भाषालाई स्थानीय तहमा सरकारी कामकाजको भाषा बनाउने संविधानमा उल्लेख भए पनि तनहुँको कुनै पालिकाले मगर भाषालगायत भाषालाई स्थानीय कामकाजको भाषा नबनाएकोमा दुःख व्यक्त गर्नुभयो । आधारभूत तहसम्म मातृभाषामा पढाइ हुनुपर्नेमा उहाँको जोड छ। क्याम्पस सञ्चालक समितिका अध्यक्ष वुद्धिमान श्रेष्ठले क्याम्पसमा अध्ययनरत विद्यार्थीमध्ये ठूलो हिस्सा आदिवासी जनजाति समुदायका भएकाले भाषा र संस्कृति संरक्षण गर्न ठोस् कार्यक्रम अगाडि सारिएको बताउनुभयो।

# प्रतिभा माविमा विद्यार्थीका लागि भव्य स्वागत

**पोखरापत्र संवाददाता**
पोखरा, ७ साउन




पोखराको पालिखेचोकस्थित प्रतिभा माविले सोमबार नवआगन्तुक विद्यार्थीका लागि आयोजित स्वागत र उत्प्रेरणामूलक कार्यक्रममा प्रमुख अतिथि समेत रहेका मेयर आचार्यले विद्यार्थीलाई सुझाए,’ ‘हरेकवर्ष नयाँ विद्यार्थी कक्षा कोठा (११) मा आउँछन । त्यो बेला उनीहरु अन्योलमा हुन्छन । त्यसैले गन्तव्य पहिचान गरेर मात्र अध्ययन थाल्नुस, त्यसो भयो भने भविश्य उज्जवल हुन्छ ।’ मेयर आचार्यले एक कदम माथि उठेर गन्तव्य पहिचान गर्न विद्यार्थीलाई सुझाव पनि दिए। ‘भविष्य बुझेर मात्र पढ्नुस । तपाईंका दिन एकदमै छोटा छन,’ उनले भने, ‘ यो बेला उमेरको हिसाबले बढ्दो अवस्था भएकोले भविश्यबारे ख्याल गर्नुस ।’ भविश्यमा कम्तिमा पनि केही सयजनालाई काम दिनेछु भनेर योजना बनाउने हो भने सफलता हात पर्ने मेयर आचार्यले बताए।

‘कम्तिमा ५/७ सय जनालाई रोजगार दिनेछु भनेर योजना बनाउनुस । अहिले नै योजना बनाएर राख्ने गर्नुस, त्यो योजना डायरीमा टिप्नुहोस,’ कार्यक्रम उद्घाटन गर्दै उनले भने, ‘मैले पनि त्यस्तै योजना बनाएको थिए । त्यस्तो योजनाले तपाईँलाई सफतलाको मार्गमा डोऱ्याउनेछ ।’ मेयर आचार्यले विद्यार्थीलाई भने, ‘ तपाइँको डायरीमा तपाइले योजना कोर्ने हो । अरुले त्यो काम गरिदिन्न, आफैले गर्ने हो। त्यसका लागि विद्यार्थीसँग धैर्यता चाहिन्छ, अनि साहस पनि चाहिन्छ।’ कार्यक्रममा मणिपाल शिक्षण अस्पतालका प्रमुख कार्यकारी अधिकृत अनिल ओडुभिलले जिन्दगीमा सुख दुख धेरै हुने भएपनि प्रगतिशिल हुन विद्यार्थीलाई सुझाए । उनले विद्यार्थीलाई सकारात्मक सौँच राख्न पनि सुझाव दिए। ‘ जिन्दगीमा सुखदुख धेरै नै हुन्छन। त्यसैले प्रगतिशील हुनुपर्छ। सधैं सकारात्मक सोचौं, त्यसो भयो भने सफलता हात पार्छ,’ उनले भने । मनोपरामर्शदाता तथा उत्प्रेरक डा. ताराजीले जिवनको लक्ष्य पहिचान गरेर अघि बढ्न नवआगन्तुक विद्यार्थीलाई सुझाए । अरुको लहैलहैमा नलाग्न उनको अनुरोध थियो । ‘ पहिला लक्ष्य पहिचान गर्नुस्, त्यो लक्ष्य भेटाउन मेहनत गर्नैपर्छ । अरुको लहैलहैमा लाग्दा लक्ष्य नभेटिन पनि सक्छ,’ उनले भने, ‘सही मार्ग पहिल्याउन सकियो भने लक्ष्य पुरा हुनेछ ।’ उनले कुनैपनि निर्णय लिईसकेपनि त्यसलाई पुरा गर्न लागि पर्नुपर्ने पनि सुझाव दिए। विद्यालयका प्राचार्य किरण सापकोटाले पोखरा पर्यटनको मात्र नभई शिक्षाको पनि राजधानी भएको बताए । ‘जिवनमा धनि र शक्तिशाली भन्दा असल मान्छे बन्नुपर्छ,’ नवआगन्तुक विद्यार्थीलाई सुझाव दिँदै उनले भने, ‘त्यसका लागि मेहनत चाहिन्छ। उनले प्रतिभा माविले विद्यार्थीलाई संस्कार सहितको शिक्षा दिने बताए । ‘प्रतिभा माविले किताबी ज्ञान मात्र दिँदैन, व्यक्ति र ब्यक्तित्व निर्माण गर्न सघाउँछ, त्यसैको प्रमाण हो- विद्यालयले देशभित्र मात्र नभई विदेशमा पनि पहिचान बनाउन सकेको छ,’ उनले भने, ‘प्रतिभाका विद्यार्थीले अहिलेसम्म वर्षेनी फरक फरक तरिकाले सुनौलो इतिहास रचेका छन । अब त्यो इतिहास रच्ने जिम्मा ११ मा भर्ना भएका विद्यार्थीको काँधमा छ।’ प्राचार्य सापकोटाले विद्यार्थीका लागि दैनिक शैक्षिक कार्यक्रम सहित अरु नियमित गतिविधि गर्ने पनि जानकारि दिए । व्यवस्थापन विषयका विद्यार्थीका लागि बिजनेस प्लान बनाउने तथा होटल व्यवस्थापनका लागि फूड फेस्टिबल लगायतका कार्यक्रम गर्ने प्राचार्य सापकोटाले जानकारी दिए । प्रा र्चाय सापकोटाले पछिल्लो समय विद्यालयले अन्तर्राष्ट्रिय स्तरमा पनि दायरा फराकिलो बनाउँदै लगेको बताए। विभिन्न मुलुकका विश्वविद्यालयसँग भगीनी सम्बन्ध बिस्तार गरिरहेको उनले बताए । विद्यालयका अध्यक्ष नारायणप्रसाद पौडेलले विद्यार्थीले मेहनत गरेर अध्ययन गरेको खण्डमा त्यसको परिणाम पनि उत्कृष्ट नै आउने बताए । समय अनुसारको शिक्षा दिलाउन विद्यालय हरदम तयार रहेको उनले सुनाए । ‘प्रतिभाले हरेक वर्ष हरेक क्षेत्रमा प्रतिभा उत्पादन गरिरहेको छ। आगामि दिनमा ती प्रतिभा अझै थपिनेछन,’ उनले भने, ‘विद्यार्थीलाई प्रतिभावान बनाउन हामी हरदम छौं ।’ कक्षा १२ मा अध्ययनरत छात्रा प्रनिशा तुलाचनले नवआगन्तुक विद्यार्थीलाई कुनैपनि हिचकिचावट बिना अध्ययन गर्न सुझाइन। ‘प्रतिभाले अबको दुइवर्ष अहिलेका नवआगन्तुक विद्यार्थीको भविश्य कोर्नेछ,’ उनले भनिन, ‘त्यसैले कुनै हिचकिचावटबिना अध्ययन गर्नुपर्नेछ ।’ कार्यक्रममा गायिका अस्मिता अधिकारीले विद्यार्थीका लागि गीत पस्केकी थिईन। अधिकारीले गीत गाउँदा पोखरा सभागृहहल गुञ्जायमान बनेको थियो।

कार्यक्रममा कक्षा १२ का विद्यार्थीले पनि गीतसंगीत र नृत्य पस्केका थिए । प्रतिभा माविले सोमबार व्यवस्थापन र होटल व्यवस्थापन विषयका विद्यार्थीका लागि स्वागत कार्यक्रम राखेको थियो । मंगलबार भने विज्ञान विषयका विद्यार्थीका लागि पनि कार्यक्रम राख्ने प्राचार्य सापकोटाले जानकारी दिए । सोमबारको कार्यक्रममा नवआगन्तुत विद्यार्थी सहित उनीहरुका अभिभावक पनि सहभागि थिए । कार्यक्रममा एसइइमा चार जिपिए ल्याएर प्रतिभामा भर्ना भएका सहित खेलकुदमा उत्कृष्टता हासिल गरेका विद्यार्थीलाई सम्मान समेत गरिएको थियो।

# बागलुङमा दुई लाख १६ हजार पशुलाई लगाइयो खोप

**पोखरापत्र संवाददाता**
बागलुङ, ७ साउन

बागलुङमा दुई लाख १६ हजार ७२ पशुलाई विभिन्न रोगविरुद्धको खोप लगाइएको छ । भेटेरिनरी अस्पताल तथा पशु सेवाविज्ञ केन्द्रले जिल्लाका दश स्थानीय तहका ८५ वटा वडामा पशु प्राविधिक खटाएर खोप लगाएको हो ।

पशु प्राविधिकले किसानका गोठमै पुगेर भैंसी, राँगा, गाई, गोरु, बाख्रा, बुङ्गुर, कुकुरलगायत पशुलाई विभिन्न रोगविरुद्धको खोप लगाएका हुन् । सबैभन्दा बढी भेडाबाख्रा र सबैभन्दा कम बुङ्गुरलाई खोप लगाइएको हो।

भेटेरिनरी अस्पताल तथा पशु सेवाविज्ञ केन्द्रका अनुसार एक लाख १७ हजार पाँच सय ६७ भेडाबाख्रा र दुई हजार एक सय १० बुङ्गुरमा खोप लगाइएको छ।

यस्तै, २१ हजार पाँच सय ४६ गाईगोरु, ४९ हजार नौ सय ४६ भैंसीराँगा, नौ हजार सात सय ५० कुकुरलाई खोप लगाइएको भेटेरिनरी अस्पताल तथा पशु सेवाविज्ञ केन्द्रका सूचना अधिकारी केशवराज शर्माले जानकारी दिनुभयो।पशुचौपायामा देखिने खोरेत, रेबिज, चर्चरे, भ्यागुते, पिपिआर र स्वाइन फिभरलगायत खोप लगाइएको उहाँको भनाइ छ। विज्ञ केन्द्रले अगुवा कृषकसँग छलफल गरी स्थानीय तहका पशुचौपायाको तथ्याङ्क सङ्कलन गरेर किसानका घरघरमै पुगेर खोप लगाउने शर्माले जानकारी दिनुभयो।

केन्द्रबाट हरेक स्थानीय तहमा दुई समूहमा खटिएका प्राविधिक तथा स्वास्थ्यकर्मीको टोलीले १५/१५ दिनसम्म घरदैलोमै खोप अभियान सञ्चालन गरेका थिए। जिल्लाका दूरदराजसम्म पुगेर प्राविधिकले पशुचौपायालाई खोप लगाउनुपर्ने हुँदा गत माघबाट खोप अभियान सञ्चालन गरेको उहाँको भनाइ छ। उहाँले भन्नुभयो, “खोप अभियानलाई प्रभावकारी बनाउनका लागि जिल्लाका सबै वडामा ८५ जना प्राविधिक खटाएका थियौं, उहाँहरूले किसानका गोठसम्मै पुगेर पशुचौपायालाई खोप लगाउनुभएको थियो, अघिल्ला वर्षहरूमा पशुलाई खोप लगाउँदा दूध घटाउँछ, बिरामी पर्छन् भनेर नमान्ने किसानहरू पनि यस वर्ष उत्साहका साथ अभियानमा सहभागी हुनुभयो, गत वर्ष पशुमा देखिएको लम्पी स्किन रोगका कारण किसानले धेरै नोक्सानी ब्यहोर्नु परेको थियो।”

खोप अभियान सञ्चालनका लागि सरकारले रु एक करोड ४० लाख बजेट विनियोजन गरेकामा रु एक करोड १० लाख खर्च भएको भेटेरिनरी अस्पताल तथा पशु सेवाविज्ञ केन्द्र प्रमुख डा ऋषिराम सापकोटाले बताउनुभयो । उहाँले पछिल्लो समय किसानमा पशुचौपायलाई खोप लगाउनुपर्छ भन्ने चेतनाको वृद्धि भएको बताउनुभयो।

पहिले गोठमै गएर खोप लगाउन आग्रह गर्दा पनि नमान्ने किसान अहिले पशु नै लिएर भेटेरिनरी अस्पताल आउन थालेको सापकोटाले बताउनुभयो । यस वर्ष खोप अभियान निकै प्रभावकारी भएको उहाँ बताउनुहुन्छ।


## शिक्षक आवश्यकता

प्रकाशित मितिः २०८१/०४/०८ गते

यस विद्यालयको विद्यालय व्यवस्थापन समितिको मिति २०८१/०४/०६ को निर्णय सहित विद्यालयको च.नं. ६८ मिति २०८१/०४/०६ को पत्रबाट उक्त विद्यालयमा रिक्त रहेको माध्यमिक तह सामाजिक विषयको रिक्त दरबन्दीमा करार शिक्षक पदपूर्तिका लागि पोखरा महानगरपालिकाको कार्यालय शिक्षा महाशाखाको मिति २०८१/०४/०७ को निर्णयानुसार तपसिलमा उल्लेखित योग्यता पुगेको नेपाली नागरिकबाट रितपूर्वक दरखास्त आव्हान गरिन्छ।

तपशिल
विज्ञापन नं. : ०१/०८१/०८२
तहः माध्यमिक तह करार शिक्षक संख्याः १ जना
विषय : सामाजिक
योग्यताः सम्बन्धित विषयमा न्यूनतम स्नातक तह वा सो सरह
उमेरः १८ वर्ष पूरा भई ४० वर्ष ननाघेको
आवश्यक कागजातहरुः
- नेपाली नागरिकताको प्रमाण पत्रको प्रतिलिपि १ थान
- शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपि १ थान
- स्थायी अध्यापन अनुमति पत्रको प्रतिलिपि १ थान

दरखास्त दिने मितिः २०८१/०४/०८ देखि २०८१/०४/२२ गतेसम्म (बिहान १०:०० बजेदेखि अपरान्ह ४:०० बजेसम्म)
निवेदन दस्तुरः रु १५००।-
परीक्षाको किसिमः लिखित, अन्तरवार्ता र आवश्यक परेको खण्डमा कक्षा अवलोकन
निवेदन दिने स्थानः श्री हिमालय मा.वि., पोखरा-२०, मौजा, कास्की
तलबः नेपाल सरकारको प्रचलित स्केल बमोजिम
सम्पर्क मितिः २०८१/०४/२३ गते
परीक्षाको मिति र स्थान सम्पर्क मितिमा तोकिने छ।
सम्पर्क नं.ः ९८४६०५४१५१, ९८१७१११४०७

**श्री हिमालय मा. वि.**
पोखरा-२०, मौजा, कास्की

# झाडी फाँडेर चिया रोप्दै काठेखोला गाउँपालिका

पोखरापत्र संवाददाता
बागलुङ, ७ साउन



यहाँका काठेखोला गाउँपालिकाले खेर गइरहेका वनक्षेत्र लगायतका झाडी फाँडेर चियाखेती सुरु गरेको छ। यसैवर्षमात्र थामानेटामा तीन रोपनी क्षेत्रफलमा चियाका बेर्ना रोपिएको छ।

थामानेटासहित पालिकाले रेश र धम्जामा ५५ रोपनी क्षेत्रफलमा यो वर्ष चियाखेती विस्तार गरेको हो। थामानेटाको जौछ्रे सामुदायिक वनको झाडी फाँडेर गाउँपालिकाले वन उपभोक्ताको सक्रियतामा चियाको बर्ना लगाएको छ। लोकमार्ग नजिकै रहेको थामानेटा एक प्रसिद्ध वनभोज स्थलका रूपमा परिचित छ। थामानेटामा अहिले 'भ्यू टावर' र आश्रयस्थललगायत संरचनासमेत निर्माण भइसकेका छन्। लोकमार्गका यात्रुहरूको विश्रामस्थलका रूपमा रहेको थामानेटामा चिया बगान निर्माण भएपछि पर्यटक बढ्ने अपेक्षा गाउँपालिकाको छ। थामानेटा आएका पर्यटकलाई थप आकर्षित गर्न र उपभोक्ताको आयआर्जन वृद्धि गर्न यस क्षेत्रमा पहिलोपटक चियाखेती गरिएको काठेखोला गाउँपालिका-५ का वडाअध्यक्ष ज्ञामनाथ कँडेलले जानकारी दिनुभयो। उहाँका अनुसार वडामा पहिलोपटक चियाखेती थाले पनि गाउँपालिकामा भने पहिलो होइन।

यसअघि काठेखोला गाउँपालिका-७ रेशमा पाँच वर्ष अघिदेखि चियाखेती भइरहेको छ। रेशको चियाखेती सफल भएपछि गाउँपालिकाले सम्भावित क्षेत्रमा चियाखेती विस्तार गर्न थालेको हो। रेशमा चियाखेती सफल भएपछि गाउँपालिकाले चियाखेती विस्तार गर्ने योजनाअनुसार विभिन्न वडाको ५५ रोपनी क्षेत्रफलमा चियाखेती लगाएको छ। वडाअध्यक्ष कँडेलका अनुसार थामानेटामा एक हजार पाँच सय चियाका बिरुवा पहिलोपटक रोपिएको छ। कँडेलले भन्नुभयो, "सामुदायिक वनमा आगामी वर्षसम्म १० रोपनी क्षेत्रफलमा चियाखेती लगाउने योजना छ, वडा कार्यालयले चियाखेती विस्तारमा सघाउने लक्ष्य छ।" काठेखोला गाउँपालिका-७ रेशमा निजी, विद्यालय र सार्वजनिक जग्गामा गरी एक सय ४० रोपनी क्षेत्रफलमा चियाखेती विस्तार भइसकेको छ। रेशमा पाँच वर्षअघि लगाइएका एक हजार पाँच सय चियाका बिरुवाले उत्पादन दिन थालिसकेको छ। चियाखेती गाउँपालिकाभर विस्तार गर्ने लक्ष्य रहेको काठेखोला गाउँपालिकाका अध्यक्ष राजु थापाले जानकारी दिनुभयो। उहाँले आर्थिक वर्ष २०८०/८१ मा रेशसहित थामानेटा र धम्जामा चियाखेती विस्तार गरिएको बताउनुभयो। गाउँपालिकाले चियाखेती विस्तारका लागि रु ११ लाख बजेट विनियोजन गरेको थियो। बिहुँको थामानेटामा झाडी फाँडेर चियाखेती थालिएको छभने रेश र धम्जाका सामुदायिक विद्यालयको बाँझो जग्गालाई चिया बगैँचा बनाउन थालिएको थापाको भनाइ छ। रेशमा उत्पादित चियाले बजार पाउन थालेपछि अन्यत्रको बाँझो तथा खाली जग्गामा चियाखेतीमा गाउँपालिकाले अग्रसरता देखाएको काठेखोला गाउँपालिका-७ रेशका वडाअध्यक्ष प्रेम लामिछानेले जानकारी दिनुभयो।

# लमजुङ अदालतले लक्ष्यभन्दा बढी मुद्दा फछ्र्यौट गर्‍यो

पोखरापत्र संवाददाता
लमजुङ, ७ साउन

बेँसीसहर नगरपालिका-८ मा रहेको जिल्ला अदालत लमजुङले लक्ष्यभन्दा बढी मुद्दा फछ्र्यौट गरेको छ। अदालतले आर्थिक वर्ष २०८०/८१ मा लक्ष्यभन्दा एक सय पाँचवटा मुद्दा बढी फछ्र्यौट गरेको हो।

अदालतका श्रेस्तेदार भेषराज पौडेलका अनुसार वार्षिक फछ्र्यौट लक्ष्य पाँच सय ७४ मुद्दा रहेकामा गत आवमा छ सय ७९ फछ्र्यौट गरिएको छ। गत आवमा अदालतले लक्ष्यको आधारमा एक सय १८ दशमलव २९ प्रतिशत प्रगति गरेको उहाँले बताउनुभयो। एक हजार २४ यथार्थ लगत रहेकामा छ सय ७९ वटा मुद्दा फछ्र्यौट भएको भन्दै वास्तविक लगतको आधारमा ६६ दशमलव ३० प्रतिशत प्रगति भएको जानकारी दिनुभयो। श्रेष्तेदार पौडेलका अनुसार गत आवमा सात सय ५१ वटा नयाँ मुद्दा दर्ता भएका थिए भने आव २०७९/८० बाट जिम्मेवारी सरेर आएका दुई ७३ गरी एक हजार २४ मुद्दा फछ्र्यौट गर्नुपर्ने थियो। जिम्मेवारीबाट सरेर आएका दुई सय ३७ मुद्दा फछ्र्यौट भएका छन्। चालु आर्थिक वर्षमा ३६ मुद्दा सरेर आएका अदालतले जनाएको छ। अदालतका अनुसार नयाँबाट तीन सय नौ मुद्दा सरेको र चालु आवमा तीन सय ४५ वटा मुद्दा टुङ्ग्याउनुपर्ने छ। जिल्ला न्यायाधीश कृष्णप्रसाद पौडेलले अदालतका कर्मचारीको लगावका कारण लक्ष्यभन्दा बढी मुद्दा फछ्र्यौट भएको बताउनुभयो। जिल्ला अदालतले दुई वर्ष बढीका मुद्दा नराख्ने भने पनि प्रमाण जुटाउन नसक्दा दुई वटा मुद्दाको फछ्र्यौट हुन नसकेको उहाँले जानकारी दिनुभयो। न्यायाधीश पौडेलले न्याय सम्पादनमा कुनै कमी आउन नदिन आफूसहित कर्मचारीले सधैँ एकआपसमा समन्वय गरी काम गरिरहेका बताउनुभयो। जिल्ला अदालतलाई मुलुककै समयसापेक्ष न्याय सम्पादन गर्ने सूचीमा लैजाने योजना अनुसार कार्यसम्पदान गरिरहेको उहाँले जानकारी दिनुभयो।

# गन्तव्य पहिल्याउन बागलुङ बजारमा 'स्टेट नम्बर'

पोखरापत्र संवाददाता
लमजुङ, ७ साउन

बागलुङ बजारलाई पर्यटनमैत्री बनाउन बागलुङ नगरपालिकाले पहिलोपटक 'स्टेट नम्बर' राख्न थालेको छ। विषेशगरी पर्यटकहरुलाई गन्तव्य पहिल्याउन सहजताका लागि बागलुङ बजारका झण्डै एक सय स्थानमा स्टेट नम्बर र गल्लीको नाम राख्न थालिएको बागलुङ नगरपालिकाले जनाएको छ।

बागलुङ नगरपालिकाले नगर पर्यटन विकास समितिमार्फत बागलुङ बजारका चोक तथा गल्लीमा स्टेट नम्बर राख्न थालिएको नगरउपप्रमुख राजु खड्काले बताउनुभयो। उहाँका अनुसार रु पाँच लाख नगरपालिकाको बजेटले एक सय स्थानको नम्बर र टोलको नाम राख्न थालिएको बताउनुभयो। उहाँले स्टेट नम्बर राख्नका लागि पोल गाडिएको बताउनुभयो। खड्काले बोलीचालीको भाषामा लेख्दै आएको टोलको नामलाई स्टेट नम्बरसँगै लेख्नेगरी अहिले स्टेट नम्बरको पोल गाड्ने काम अन्तिम चरणमा पुगेको बताउनुभयो। "पोखराको लेकसाइडमा राखिएको स्टेट नम्बर जस्तै व्यवस्थित रुपमा बागलुङ बजारमा स्टेट नम्बर राख्न थालिएको छ, अहिले पर्यटकहरु अलमलिएको अवस्थामा टोल-टोल पहिचानका लागि स्टेट नम्बर राखिएको र राखिएको नम्बर र टोलको नाम गुगल म्यापमा समेत राख्ने छौं, जस्कारण सजिलै गन्तव्यमा पुग्न पर्यटक तथा आगन्तुकलाई सहज हुनेछ", उपप्रमुख खड्काले भन्नुभयो। पहिलो चरणमा एक सय चोक तथा मुख्य गल्लीको स्टेट नम्बर राखेपछि आगमी वर्ष थप भित्रि गल्ली तथा चोकको स्टेट नम्बर राख्ने योजना नगरपालिकाको रहेको छ। भित्रि तथा सहायक बाटोलाई दोस्रो चरणमा स्टेट नम्बर राखिने छ। स्थानीय समुदायको सुझाव र समन्वयका आधारमा स्टेट नम्बर राख्दा बागलुङ बजारलाई पर्यटकीय नगरी बनाउने कामलाई सहज बन्ने बागलुङ नगरपालिकाको योजना रहेको छ।

# विपद्मा परी हालसम्म १३१ को मृत्यु

रासस
काठमाडौं, ७ साउन

बाढी, पहिरोलगायतका विपद्मा परी सोमबार दिउँसोसम्म मुलुकभर एक सय ३१ जनाको मृत्यु भएको छ। विपद्मा परी काठमाडौं उपत्यकामा दुई जना, कोशीमा २२, मधेसमा पाँच, बागमतीमा २५, गण्डकीमा ३८, लुम्बिनीमा २३, कर्णालीमा सात र सुदूरपश्चिम प्रदेशमा नौ जनाको मृत्यु भएको केन्द्रीय प्रहरी समाचार कक्षले जनाएको छ।


विपद्मा परी एक सय ४४ जना घाइते भएका छन्। घाइतेको स्थानीय अस्पतालमा उपचार भइरहेको छ। कोसीमा ४९, गण्डकीमा १२ र सुदूरपश्चिममा प्रदेशमा पाँचगरी जम्मा ६६ जनाको उद्धार गरिएको छ। बाढी पहिरामा परी कोसी र बागमतीमा दुई/दुई तथा मधेस, गण्डकी, लुम्बिनी, कर्णाली र सुदूरपश्चिम प्रदेशमा एक/एकगरी नौ जना बेपत्ता भएका छन्। बेपत्ताको खोजीकार्य जारी छ।

# अचल सम्पति (धितो) लिलाम बढाबढ गर्ने बारे ३५ दिने अत्यन्त जरुरी सूचना

**पहिलो पटक प्रकाशित मिति २०८१/०४/०८ गते (पोखरापत्र राष्ट्रिय दैनिक)**

यस फेवा बचत तथा ऋण सहकारी संस्था लिमिटेडबाट तपशिलमा उल्लेखित सदस्यहरुले अचल सम्पति धितो सुरक्षण राखि ऋण लिनु भएकोमा उक्त ऋण रकमको नियमित रुपमा संस्थालाई तिर्नु बुझाउनु पर्ने साँवा, व्याज एवं अन्य दै-दस्तुर रकम समय भित्र नतिरी, नबुझाई यस संस्था संग गर्नु भएको शर्त सम्झौता उल्लङ्घन गरी बस्नु भएको र पटक-पटक मौखिक तथा लिखित प्रत्यक्ष भेटघाट गरी जानकारी गराउँदा समेत ऋण चुक्ता गर्न कुनै चासो नदेखाई आलटाल गरि आफुले तिर्नु बुझाउनु पर्ने रकम नबुझाई बसेको साथै यस भन्दा अगाडि पहिलो पटक मिति २०८१/०१/२३ मा ऋण चुक्ता गर्न आउने बारे ३५ (पैत्तिस) दिने सूचना पोखरापत्र राष्ट्रिय दैनिक, दोस्रो पटक मिति २०८१/०२/३१ मा ऋण चुक्ता गर्न आउने बारे १५ (पन्ध्र) दिने सूचना समाधान राष्ट्रिय दैनिक र तेस्रो पटक मिति २०८१/०३/१९मा ऋण चुक्ता गर्न आउने बारे ७ दिने सूचना पोखरापत्र राष्ट्रिय दैनिकबाट सूचना प्रकाशित गरी सम्पूर्ण ऋणको सावाँ, ब्याज र अन्य दै-दस्तुर चुक्ता गर्न अनुरोध गर्दा समेत आजका मितिसम्म उक्त ऋण चुक्ता नगरी बस्नु भएको हुँदा ऋणी सदस्य तथा धनजमानतले ऋण लिदाँ गरेको सम्झौता बमोजिम यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र हालसम्मको साँवा ब्याज समेतको रकम दाखिला गर्नुहोला अन्यथा सूचना प्रकाशित भएको मितिले ३६ औं दिन धितो जे जस्तो अवस्थामा रहेको छ सोही अवस्थामा लिलाम विक्री गर्न लागिएको हुँदा लिलाम बढाबढ गरी लिन ईच्छुक महानुभवहरुको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ। धितो जमानत दिनुहुने ऋणी तथा व्यक्तिगत जमानत समेतलाई सुरक्षणमा रहेको धितो लिलामा बिक्री गरिने बारेको जानकारी यसै सूचनाद्धारा गराइन्छ। धितो लेखिदिएको सम्पति लिलाम बिक्री गर्दा यस संस्थाबाट गरिएको मूल्याङ्कन रकम भन्दा कम मूल्यमा लिलाम बिक्री भयो वा मेरो हाम्रो सम्पतिको उचित मूल्य प्राप्त नभई संस्थाले कम मूल्यमा लिलाम बिक्री गर्‍यो भनी कही कतै उजुर बाजुर गर्न पाउनु हुने छैन। साथै सुरक्षणमा रहेको सम्पति लिलाम बिक्री गर्दा पनि संस्थाको सम्पूर्ण लेना रकम असुल उपर नभएमा सहकारी ऐन २०७४, नियमावली २०७५, संस्थाको विनियम २०७२, ऋण नीति २०७९ तथा प्रचलित कानुन बमोजिम ऋणी स्वयम् र व्यक्तिगत धनजमानतकर्ताहरुको एवम् निजहरुको एकाघरको समेतको नाममा रहेको अन्य चल अचल सम्पतिहरुबाट धितोले नखामेको वक्यौता ऋण रकम असुलउपर गरिने छ। उल्लेखित मितिमा बोलपत्र एवम् लिलाम बढाबढ हुन नसकेमा संस्था आफैले पनि उक्त धितो सकार गरी लिन सकिनेछ।

**तपसिल**

| क्र.सं. | ऋणीको फोटो | ऋणी सदस्यको विवरण | जमानीको फोटो | जमानीको विवरण |
|---|---|---|---|---|
| १. |  | सदस्यता न. : १६५७<br>१. **नाम** : **दिपा गुरुङ**<br>जन्ममिति : २०४२/१२/०७,<br>ना.प्र.नं : ४५१०५७/२६१०,<br>जारी मिति : २०६४/०८/२१ लमजुङ<br>पतिको नाम : उमेश गुरुङ<br>बाबु : नौं बहादुर गुरुङ<br>बाजे/ससुरा : मनबहादुर गुरुङ<br>ठेगाना : श्रीभञ्ज्याङ-१, लमजुङ<br>हाल : पोखरा-१४, चाउथे<br>सम्पर्क नं. : ९८१४१२०८०३<br>**श्री दिपा गुरुङ**को नाममा मालपोत कार्यालय तनहुँमा दर्ता श्रेष्ता कायम रहेको तनहुँ जिल्ला फराकचौर गा.वि.स. वडा नं-७ स्थित कित्ता नं ८९३, ८८९ र ८९७ को क्षेत्रफल क्रमश ८१०.८०, १४५.०७, १५१.०३ वर्ग मि. | <br> | १. **नाम** : **उमेश गुरुङ**<br>ना.प्र.नं. : २५१३७<br>जारी मिति : २०५४/०८/१९ लमजुङ<br>बाब : मन बहादुर गुरुङ<br>बाजे : बलराम गुरुङ<br>ठेगाना : श्रीभञ्ज्याङ्-१, लमजुङ<br>हाल : पोखरा-१४, चाउथे<br>सम्पर्क नं. : ९८५६०३१३१५<br>२. **नाम** : **चिजकाजी गुरुङ**<br>ना.प्र.नं. : १११५ कास्की<br>बाबु : पुर्ण बहादुर गुरुङ<br>बाजे : भक्त बहादुर गुरुङ<br>ठेगना : पोखरा-१४ कास्की<br>हाल : पोखरा-१४ कास्की<br>फोन नं. : ९८६९१४६४७५ |
| २. |  | सदस्यता नं. : १७८०<br>१. **नाम** : **अमृत बिश्वकर्मा**<br>जन्म मिति : २०४०/११/१०<br>ना.प्र.नं : १३६५४९<br>जारी मिति : २०६०/०२/२६<br>बाबु : पुर्णसिह बिश्वकर्मा<br>बाजे/ससुरा : खड्के बिश्वकर्मा<br>ठेगाना साविक : धिताल -३, कास्की<br>हाल : माछापुच्छ्रे -६, कास्की<br>सम्पर्क नं. : ९८०६५६०९१८<br>**धितो विवरण: अमृत बिश्वकर्मा**को नाममा मालपोत कार्यालय कास्कीमा दर्ता श्रेष्ता कायम रहेको कास्की जिल्ला साविक घाचोक गा.वि.स. वडा नं. ०३ स्थित कित्ता नं.११६१ क्षेत्रफल १-१२-३-० रोपनी | <br> | १. **नाम** : **पुर्णसिह विश्वकर्मा**<br>ना.प्र.नं. : ५८१२७<br>जन्म मिति : २०२१/०४/१५<br>जारी मिति : २०५४/०९/०१ कास्की<br>बाबु : खड्के विश्वकर्मा<br>बाजे : गर्बे विश्वकर्मा<br>ठेगाना : साविक धिताल-३ कास्की<br>हाल : माछापुच्छ्रे-६ कास्की<br>सम्पर्क नं. : ९८२३७०६२७०<br>२. **नाम** : **राजेन्द्र नेपाली**<br>ना.प्र.नं. : ११९६४८<br>जन्म मिति : २०४०/०४/११<br>जारी मिति : २०५८/०७/१६<br>बाबु : लिले सार्की<br>बाजे : लक्ष्मण सार्की<br>ठेगाना : साविक ढिकुरपोखरी-१ कास्की<br>हाल : अन्नपूर्ण-१ कास्की<br>सम्पर्क नं. : ९८०५१९५५६३ |

**लिलाम बिक्री तथा बोलपत्र सम्बन्धी अन्य शर्त बन्देजहरु :**

१. लिलाममा अन्तिम पटक सबै भन्दा बढी रकम कबोल गर्ने वा बोलपत्रमा आफुले लेखेको वा बोलेको अंकको १० प्रतिशतले हुने रकम सोही दिन कार्यालय समयमा वा निर्णय हुँदा कार्यालय समय समाप्त भएमा सो दिनको भोलिपल्ट यस संस्थामा बुझाउनु पर्नेछ।
२. लिलाम सकार गर्ने ब्यक्तिले सहकारी संस्थाबाट लिलाम निश्चितताको सुचना पाएको ७ दिन भित्र बाँकी रकम बुझाई अचल सम्पति बुझि लिनु पर्ने छ। नलिएमा धरौटी बापत रहेको १० प्रतिशत रकम स्वतः जफत भई संस्थाको आम्दानी हिसाबमा बाधिने छ।
३. उल्लेखित सम्पती लिइसकेपछि सो को सम्पूर्ण जवाफदेही स्वयम् खरिदकर्ताको हुने छ। धनी संस्थासँग पछि कुनै कैफियत देखाउन वा दावी गर्न पाइने छैन।
४. लिलाम सकार गर्ने ब्यक्तिले सकार गरेको मूल्यको १० प्रतिशत रकम सोहि दिन वा सो को भोलीपल्ट नबुझाएमा निज पछि सबै भन्दा बढि रकम बोल्ने ब्यक्तिको नाममा लिलाम सदर गरिनेछ।
५. तोकिएको दिन बिदा परेमा सोको भोलिपल्ट लिलाम बढाबढ गर्ने काम हुनेछ।
६. लिलाम बढाबढ गर्दा सबैभन्दा बढि अंक बोल्ने ब्यक्तिलाई अचल सम्पत्ति दिने वा नदिने लिलाम गर्ने वा नगर्ने सम्पूर्ण अधिकार संस्थामा सुरक्षित रहनेछ।
७. लिलाम बिक्री हुने सम्पतिको सम्बन्धित कागजपत्रहरु हेर्न चाहनु हुने महानुभाबहरुले यस संस्थाको प्रधान कार्यालयमा कार्यालय समय भित्र सम्पर्क राख्न सक्नुहुनेछ। उक्त सम्पत्ती जहाँ जे जस्तो अवस्थामा र परिमाणमा छ सोही अवस्थामा र परिमाणमा खरिद गर्नुपर्ने छ।
८. सूचना प्रकाशित भएको मितिले ३६औं दिन संस्थाको प्रधान कार्यलयमा दिनको ठिक ३:०० बजे लिलाम बढाबढ हुनेछ।
९. धितो लिलाम सकार गर्न संस्थाबाट रु १०००/ तिरी लिलाम फारम रितपूर्वक भरि संस्थामा बुझाउनु पर्नेछ।
१०. उक्त लिलाममा राखेको सम्पतीको स्वामित्व हस्तान्तरण गर्दा लाग्ने नेपाल सरकारको दस्तुर रजिष्ट्रेसन दस्तुर सम्पती कर स्थानीय कर र धारा विजुलीको शुल्क (बाँकी बक्यौता समेत) सम्पूर्ण दायित्व आदि सकार गर्ने व्यक्ति वा पार्टी आफैले तिर्नु पर्नेछ।
११. लिलाम बिक्री गर्दा लागेको सम्पूर्ण खर्च ऋणी स्वयमूले ब्यहोर्नु पर्नेछ।
१२. सहकारी ऐन, संस्थको विनियम तथा ऋण लगानी तथा असुली निती अनुसार लिलाम बिक्री गर्नुपर्ने जायजेथा लिलाम बिक्री गर्दा कसैले नसकारेमा प्रचलित कानुनले दिएको अधिकार प्रयोग गरी यस संस्थाले उक्त सम्पतिको स्वामित्व आफुले लिन सक्नेछ।
१३. संस्थामा सुरक्षण स्वरुप रहेको धितोबाट सम्पूर्ण ऋण असुल उपर नभएमा ऋणी तथा धन जमानीको नाममा रहेको अन्य चल अचल सम्पति घर घरानाबाट समेत असुल उपर गरिनेछ साथै निजको एकाघरको नाममा रहेको चल अचल सम्पति रोक्का राखी सोबाट समेत असुल उपर गरिनेछ।
१४. अन्य सर्तहरु बोलपत्र वा लिलाम बढाबढ फारममा उल्लेख गरे बमोजिम हुनेछ साथै अन्य बिषयहरुमा सहकारी ऐन २०७४ अनुसार बनेका नियमावली, संस्थाको विनियमको अधिनमा रही सञ्चालक समितिको निर्णय अनुसार हुनेछ।
१५. बोलपत्र सदर बदर हुनु अगाबै ऋणीले सम्पूर्ण रकम बुझाएमा प्राप्त बोलपत्रहरु रद्ध गरी धरौटी रकम फिर्ता दिइने छ। धरौटी रहेको रकम फिर्ता गर्नुपर्दा ब्याज प्रदान गरिने छैन।

**फेवा बचत तथा ऋण सहकारी संस्था लि.**
**प्रधान कार्यालय: पोखरा-५, जिरो कि. मि.**
**फोन: ०६१-५७३३७५, ५७२२३६**